# वैदेशिक सहायतामा निर्माण/ संचालन हुने आयोजनाहरुको लागि आवश्यक मालवस्तुको माष्टर लिष्ट स्वीकृति तथा संशोधन सम्बन्धी निर्देशिका

२०७९, वैशाख

## १. माष्टर लिष्ट स्वीकृतीको लागि पेश गर्नु पर्ने विवरण

आयोजनामा खपत हुने मालवस्तु तथा आयोजनाको लागि आवश्यक पर्ने बैंक ग्यारेण्टीमा अस्थायी पैठारी हुने मालवस्तुको माष्टर लिष्ट स्वीकृतिको लागि पेश गर्दा आयोजनाको प्रगति, ठेक्का सम्बन्धि व्यहोरा, ऋण/ अनुदान सम्झौता नम्बर, माष्टर लिष्टको रकम अंक र अक्षरमा खुलाई आयोजनाको प्रवर्द्धकले निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेः

- सम्बन्धित निकायले जारी गरेको विद्युत उत्पादन/ प्रशारण/ वितरणको अनुमतिपत्र (आवश्यक पर्नेको हकमा),
- दातृ निकायसँग भएको ऋण/ अनुदान सम्झौता र सोको इलेक्ट्रोनिक प्रति।
- आयोजना निर्माणको लागि ठेकेदार कम्पनिसँग भएको ठेक्का सम्झौता तथा सो को इलेक्ट्रोनिक प्रति।
- आयोजनाको दर विश्लेषण तथा लागत अनुमान लगायतका अन्य प्राविधिक विवरण समावेस भएको विस्तृत अध्ययन प्रतिवेदन तथा सोको इलेक्ट्रोनिक प्रति ।
- आयोजनाको तर्फबाट आधिकारिक सम्पर्क व्यक्ति तोकिएको पत्र र आधिकारिक व्यक्तिको विवरण (नागरिकताको प्रतिलिपि, सम्पर्क नं., इमेल, सम्पर्क ठेगाना आदी)।
- प्रचलित आर्थिक ऐनमा उल्लेख भए बमोजिमको विवरण (मालवस्तुको नाम, एकाई, प्रति एकाई मुल्य, जम्मा मुल्य, मुद्रा, वस्तु वर्गीकरणको उपशीर्षक, उत्पत्तिको मुलुक, आयोजना तथा पैठारीकर्ताको नाम र आयोजना सम्पन्न हुने मिति) स्पष्ट रुपमा खुलाई अनुसूची - १ को ढाँचामा तयार पारिएको माष्टर लिष्ट तथा माष्टर लिष्ट संशोधनको लागि अनुसूची - २ को ढाँचामा तयार पारिएको माष्टर लिष्ट र सो का इलेक्ट्रोनिक प्रति।
- आवश्यक सम्पूर्ण महलहरु भरी प्रवर्द्धक कम्पनी/ प्राधिकरणको प्रमुखले प्रमाणित गरेको अनुसूची -३ ढाँचामा तयार पारेको "माष्टर लिष्ट स्वीकृतिको लागि अर्थ मन्त्रालय पठाउने विवरण" फाराम।

**२. माष्टर लिष्ट संसोधनको लागि पेश गर्नु पर्ने विवरण**

माष्टर लिष्टको संशोधनको लागि  संशोधन गनु पर्नाको कारण खुलाई आवश्यक पर्ने भए दातृ निकायबाट सहमति लिई ठेक्का सम्झौता समेत संशोधन गरी सो समय सीमासम्म आयात भएका तथा आयात हुन बाँकी सामानहरुको विवरण सहित अनुसूची -२ बमोजिमको ढाँचामा संशोधित माष्टर लिष्ट तयार गरी पेश गर्नु पर्ने।

**३. माष्टर लिष्ट तयार गर्दा र महशुल छुटको लागि सिफारिस गर्दा ध्यान दिनु पर्ने विषयहरु**

आयोजनामा खपत हुने मालवस्तु तथा आयोजनाको लागि आवश्यक पर्ने बैंक ग्यारेण्टीमा अस्थायी पैठारी हुने मालवस्तुको माष्टर लिष्ट स्वीकृत गरी महशुल छुटको लागि सिफारिस गर्दा देहायमा उल्लिखित विषयलाई ध्यान दिइ सिफारिस पठाउन उपयुक्त हुने

- नेपालमै उपलब्ध हुने, निर्माण सामाग्री आयोजनामा खपत गर्दा स्वदेशी उद्योगहरुको प्रवर्द्धन भई आयात प्रतिस्थापन गर्ने भएको हुँदा त्यस्ता प्रकारका निर्माण सामाग्रीहरु नेपालमा नै खरीदको व्यवस्था मिलाउन उपयुक्त हुने ।
- आयोजनाको निर्माण कार्यमा प्रत्यक्ष रुपमा सम्वन्धित नहुने कार्यलय संचालन, फर्निचर फर्निसिङ्ग लगायतका अन्य सामाग्रीहरु माष्टर लिष्टमा समावेस गर्न उपयुक्त नहुने ।
- आयोजना विकासको लागि निर्माण उपकरणहरु र ढुवानी साधनको महत्वपूर्ण भुमिका भए पनि आवश्यकता भन्दा वढी  महंगा र विलासी सवारी साधनहरु माष्टर लिष्टमा समावेश गरी बैक ग्यारेण्टीमा आयातको लागि सिफारिस गर्न उपयुक्त नहुने ।
- अस्थायी पैठारी गर्ने माष्टर लिष्टमा अतिकम मूल्यका मालवस्तु तथा फिर्ता लैजान सम्भब नहुने प्रकृतिका मालवस्तु (खिया लागेर जाने, हराउने ईत्यादी) समावेश गर्न नहुने। साथै, आयोजनामा निर्माणमा प्रयोग भएका सवारी साधनको अनधिकृत प्रयोग हुन नदिन बिलासी, महंगा सवारी साधन समावेश गर्न नहुने।

## ४. बैंक ग्यारेण्टीमा पैठारी गरिने सवारी साधन(पिकअप मात्र)को अधिकतम संख्या

आयोजनाको प्रकार, क्षमता लगायतका विषयमा आधारित भई आयोजना निर्माणको लागि नभई नहुने निर्माण उपकरण, मेसिनरी औजार, ढुवानीका साधन सरकारी वा निजी क्षेत्रबाट संचालित आयोजनासँग सम्बन्धित विदेशी ठेकेदारको नाममा पैठारी हुन दिने तथा सरकारी आयोजनाको हकमा सवारी साधन समेतको माष्टर लिष्ट स्वीकृत गरी बैंक ग्यारेण्टीमा पैठारी हुन दिन अर्थ मन्त्रालयमा सिफारिस गर्ने गरिएको छ।

वैदेशिक सहायतामा निर्माण/ संचालन हुने आयोजनाहरुका लागि आवश्यक सवारी साधन (पिकअप मात्र)को अधिकतम संख्या तपसिलमा उल्लेख भए बमोजिम हुने गरी आयोजनाको उत्पादन क्षमता र आवश्यकताको आधारमा आयोजना सम्पन्न भए पश्चात फिर्ता लैजाने शर्तमा बैंक ग्यारेण्टीमा आयात गर्न सिफारिस हुन उपयुक्त हुने।

*तालिका १ जलविद्युत आयोजना (Hydropower Plant)*

| सि.नं. | आयोजनाको क्षमता | अधिकतम सवारी साधन (पिकअप)को संख्या |
|---|---|---|
| १. | १ मे.वा. देखि ५ मे.वा.सम्म | ३ |
| २. | ५ मे.वा. बढी १० मे.वा. सम्म | ४ |
| ३. | १० मे.वा. भन्दा बढी २५ मे.वा. सम्म | ७ |
| ४. | २५ मे.वा. भन्दा बढी १०० मे.वा. सम्म | १५ |
| ५. | १०० मे.वा. भन्दा बढी ५०० मे.वा. सम्म | २५ |

*तालिका २ प्रशारण लाइन आयोजना (Transmission Line): ३३/ १३२/२२०/ ४०० के.भि.*

| सि.नं. | प्रशारण लाईनको लम्बाई | अधिकतम सवारी साधन (पिकअप)को संख्या |
|---|---|---|
| १. | २५ कि.मि. सम्म | १ |
| २. | २५ कि.मि. भन्दा बढी १०० कि.मि. सम्म | २ |
| ३. | १०० कि.मि. भन्दा बढी २५० कि.मि. सम्म | ३ |
| ४. | २५० कि.मि. भन्दा बढी ५०० कि.मि. सम्म | ५ |
| ५. | ५०० कि.मि. भन्दा बढी | १० |

** ५०० कि.मि. भन्दा बढी प्रति १०० कि.मि. थप एक वटा पिकअप सिफारिस गर्न सकिने।*

*तालिका ३ वितरण लाइन आयोजना (Distribution Line): ०.४/ ११/ ३३ के.भि.*

| सि.नं. | वितरण प्रणालीको क्षमता | अधिकतम सवारी साधन(पिकअप)को संख्या |
|---|---|---|
| १. | २० एम भी ए सम्म | १ |
| २. | २५ एम भी ए भन्दा बढी ५०० एम भी ए सम्म | २ |
| ३. | ५०० एम भी ए भन्दा बढी | ३ |

## अनुसूची -१ माष्टर लिष्टको ढाँचा

CONTRACT IDENTIFICATION NO.:
LOAN/ GRANT NO.
CONTRACT PRICE:

ITEMS PRICE:

PERCENTAGE OF ITEMS TO BE IMPORTED:

MATER LIST APPROVED DATE:
PROJECT COMPLETION DATE:
SCHEDULE NO. & PART NO.

# MASTER LIST

## (NAME OF PROMOTER)

### (NAME OF THE PROJECT)
### (NAME OF THE SUB PROJECT)

**CONTRACT NO._ _: (DESCRIPTION)**

**Specific Schedule No._: (DESCRIPRION)**

**Prices are based on CIP Project Site including insurance, clearing, forwarding and transportation to site (Excluding Taxes and Duties applicable in Nepal)**

| Item No. | Item Description | HS Code | Country of origin | Unit | Currency | Unit Rate | Qty | Amount |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 = (8) x (7) |
| PART _ | | | | | | | | |
| | Description of Work | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**(Total Amount in figures and words)**

# अनुसूची -२ संशोधित माष्टर लिष्टको ढाँचा

CONTRACT IDENTIFICATION NO.:

MATER LIST APPROVED DATE:

LOAN/ GRANT NO.

PROJECT COMPLETION DATE:

CONTRACT PRICE:

ITEMS PRICE:

SCHEDULE NO. & PART NO.

PERCENTAGE OF ITEMS TO BE IMPORTED:

**MASTER LIST**

## (NAME OF PROMOTER)

**(NAME OF THE PROJECT)**

**(NAME OF THE SUB PROJECT)**

**CONTRACT NO._ _: DESCRIPTION**

**Specific Schedule No._: (DESCRIPTION)**

**Prices are based on CIP Project Site including insurance, clearing, forwarding and transportation to site (Excluding Taxes and Duties applicable in Nepal)**

| Item No. | Item Description | HS Code | Country of origin | Unit | Currency | Unit Rate | As per Original Master List | | Proposed for Revision Master List | | Difference | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Qty | Amount | Qty | Amount | Qty | Amount |
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 = (8) x (7) | 10 | 11 = (10) x (7) | 12 =(10)-(8) | 13 =(11)-(9) |
| **PART _** | | | | | | | | | | | | |
| | **Description of Work** | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**(Total Amount in figures and words)**

# अनुसूची -३ राजश्व छुटका लागि अर्थ मन्त्रालय पठाउने विवरण फाराम

| |
|---|
| मन्त्रालय/आयोगको नामः |
| मन्त्रालय/आयोगबाट निर्णय भएको मितिः |
| मालवस्तु पैठारीकर्ताको नामः |
| प्रयोजनः |
| दातृ निकायसँग भएको सम्झौता बमोजिम आयोजना सञ्चालनका लागि मालवस्तु आयात हुनेभएः |
| आयोजनाको नामः |
| दातृ निकायको नामः |
| सम्झौता भएको मितिः |
| करछुट सम्वन्धी विषय उल्लेख भएको सम्झौताको दफाः |
| आयोजना समाप्त हुने मितिः |

<u>मालवस्तुको विवरण</u>

१. खपत हुने मालवस्तु

| सि.नं. | विजक नं.वा माष्टर लिष्ट स्वीकृत भएको मिति | मालवस्तुको नाम | वस्तु वर्गिकरण संकेत नम्वर | मालवस्तुको परिमाण | प्रति इकाई मुल्य | जम्मा मुल्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| जम्मा | | | | | | |

२. आयोजना सञ्चालनका लागि खपत नहुने वा लगतमा पैठारीहुने मालवस्तु

| सि.नं. | विजक नं.वा माष्टर लिष्ट स्वीकृत भएको मिति | मालवस्तुको नाम | वस्तु वर्गिकरण संकेत नम्वर | मालवस्तुको परिमाण | प्रति इकाई मुल्य | जम्मा मुल्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| जम्मा | | | | | | |

<u>संलग्न गर्नुपर्ने कागजात</u>

क) सम्वन्धित मन्त्रालय/आयोगको पत्र

ख) सम्वन्धित मन्त्रालय/आयोगको राजश्व छुट सम्वन्धी निर्णयको प्रतिलिपि

ग) आयोजना सञ्चालनका लागी भएको सम्झौताको प्रतिलिपि

घ) मालवस्तुको विजक

ङ) म्यलबतष्यल वाट मालवस्तु प्राप्त भएको भए सो सम्वन्धी पत्र र मालवस्तुको उपयोगको विवरण

च) सवारी साधन भए इञ्जिन नम्बर र चेसिस नम्वर खुलेको विवरण

प्रमाणित गर्नेको दस्तखत
नामः
पदः
मन्त्रालय आयोगकको छापः